गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, मनाङ

चामे

फोन नं:०६६-४४०२१३
ईमेल:akcmanang@gmail.com
वेबसाईट:manang.akc.gov.np

प.सं : २०८१/०८२
च.नं : ३५

मितिः२०८१/०५/२८
ने.सं. ११४४ ञलाथ्व १० शुक्रबार

**बिषयः आ.व २०८१/०८२ मा संचालन गरिने कार्यक्रमहरुको दोस्रो पटक प्रकाशित सूचना पठाइएको बारे ।**

श्री चामे गाउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, चामे, मनाङ ।
श्री नासों गाउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,धारापानी , मनाङ।
श्री नार्पा भुमि गाउपालिका, गाँउ कार्यपालिकाको कार्यालय,च्याखु, मनाङ।
श्री मनाङ ङिस्याङ गाउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, हुम्डे, मनाङ।

प्रस्तुत बिषयमा यस केन्द्रबाट आ.व २०८१/०८२ मा संचालन गरिने कार्यक्रमहरुको दोस्रो पटक प्रकाशित सूचना यसै पत्रसाथ संलग्न राखी पठाइएको छ। तँहा पालिकाको सूचना पाटीमा टाँस गर्नुको साथै वडास्तर सम्म पुग्ने व्यवस्थामा सहयोग गरी सूचना टाँसको जानकारी पठाईदिनुहुन अनुरोध छ।

मदन रेग्मी
निमित्त प्रमुख

**निमित्त** प्रमुख

"व्यावसायिक र सिर्जनशील निजामती प्रशासनः विकास, समृद्धि र सुशासन"

Scanned with CamScanner

# कृषि ज्ञान केन्द्र, मनाङ

## आ.व. ०८१/८२ मा कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

**(दोश्रो पटक सूचना प्रकाशन मिति २०८१/०५/२८)**

कृषि ज्ञान केन्द्र,मनाङको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका कार्यक्रम संचालन गर्न इच्छुक मनाङ जिल्ला भित्रका कृषक, कृषि फर्म, कृषि समूह तथा सहकारी संस्थालाई मिति २०८१।०४।२८ गते प्रकाशित सूचनानुसार मिति २०८१।०५।२५ गते भित्र आवेदन प्रस्ताव पेश गर्न ३० दिने सूचना प्रकाशन भएकोमा निर्धारित समय भित्र आवश्यक मात्रामा आवेदन प्रस्ताव प्राप्त नभएकोले पुनः यो सूचना प्रकाशन गरिएको छ । दोश्रो पटक प्रकाशित सूचनाको १५ दिन भित्र (मिति २०८१।०६।११गते) तोकिएको ढाँचामा कार्यक्रम प्रस्ताव सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि पुनः यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| क.सं. | कार्यक्रमको नाम | अनुदान प्रतिशत | कार्यक्रमको लक्ष्य | बजेट (लाखमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | तरकारी वाली प्रवर्धन आयोजना | | | | |
| क | आलु तथा तरकारी वालीको मुल्य अभिबृदी तथा बजारप्रवर्धन कार्यक्रम | ५० | १ पटक | ६ | कृषक समूह वा सहकारी संस्था तथा फर्म मार्फत सञ्चालन गर्नु पर्ने । |
| ख | व्यवसायिक तरकारी खेती सहयोग कार्यक्रम | ५० | १ पटक | १२ | कृषि फर्म/कम्पनीको हकमा खुला जमिनमा २ रोपनी वा संरक्षित संरचना भित्र १४० वर्ग मिटर क्षेत्रफल, कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरपरिवार संलग्न भई १० रोपनी वा संरक्षित संरचनामा ७०० वर्ग मिटर क्षेत्रफलमा खेती गर्नु पर्ने। |
| २ | समुदायस्तरमा प्रशोधनयोग्य/खायन आलु प्रवर्धन आयोजना | | | | |
| क | समुदायस्तरमा प्रशोधनयोग्य/ खायन आलु प्रवर्धन आयोजना | ७५-८५ | १० हेक्टर | १९.१० | समूह/सहकारी मार्फत कम्तीमा १० घरधुरी संलग्न भई न्यूनतम ३० रोपनी क्षेत्रफलमा खेती गरेको हुनु पर्ने ।(प्राङ्गारिक मल, सिंचाई, वीउ, यान्त्रिकरण आदि शिर्षकमा अनुदान) |
| ३ | फलफूलबाली विकास आयोजना | | | | |
| क | फलफूल वगैचा स्थापना तथा विस्तार कार्यक्रम | ५० | ४ हेक्टर | ६ | कृषि फर्म/कम्पनीको हकमा कम्तीमा ३ रोपनी र कृषक समूह/सहकारीको हकमा कम्तीमा १० घरपरिवार संलग्न भइ घटिमा ३० रोपनी क्षेत्रफलमा खेती गर्नु पर्ने। |
| ख | पुरानो स्याउ वगैचा व्यवस्थापन | ५० | ९०रोपनी | १३.५ | |
| ग | वाली विमाको विमा शुल्कमा अनुदान | १०० | १ पटक | ६.५८ | यस कार्यक्रमका लागि २०८२ असार १५ गतेसम्म निवेदन दिन सकिनेछ। |
| ४ | रैयानेवाली प्रवर्धन आयोजना | | | | |
| क | रैथानेबालीको प्रशोधन तथा वजारीकरण प्रवर्धन कार्यक्रम | ५० | ४ पटक | १० | कृषि फर्म, कम्पनी, कृषक समूह, वा सहकारी संस्था मार्फत सञ्चालन हुने। |
| ख | रैथानेवाली उत्पादन प्रवर्धन कार्यक्रम | ८५ | ५ हेक्टर | ५ | कोदो, जौ, फापर, उवा, जुनेलो, कागुनो आदी वालीको समूह/सहकारी मार्फत कम्तीमा १० घरपरिवार संलग्न भई घटिमा २० रोपनी क्षेत्रफलमा खेती गरेको हुनु पर्ने । |
| ५ | उत्कृष्ट कृषक पुरस्कार वितरण | - | १ पटक | .४० | कृषि तथा पशु/पंक्षिपालन व्यवसायमा संलग्न ४ जना कृषक पुरस्कृत गरीने । |

**श गर्नु पर्ने आवश्यक कागजातहरु**

१) रु. १०/- को हुलाक टिकट टाँस गरेको निवेदन     २) प्रस्तावना फारम     ३) नेपाली नागरिकताको प्रमाणपत्र

४) जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि

५) वडा कार्यालयको सिफारिस पत्र र सम्बन्धित पालिकाको कृषि शाखाको सिफारिस पत्र

६) फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछ *(दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, नविकरण प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि, अघिल्ला दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र)*

**पुनश्चः** माथि उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ र कृषि तथा भूमि व्यवस्था मन्त्रालय, गण्डकी प्रदेश सरकारको कार्यक्रम संचालन सम्बन्धी स्वीकृत/संसोधित मापदण्डमा भएका व्यवस्था अनुसार मात्र संचालन हुनेछ। साथै उल्लेखित मितिभित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरुमाथी कुनै प्रकृया अघि बढ्ने छैन। कार्यक्रमको निवेदन तथा प्रस्तावनाको ढाँचा यस कार्यालयबाट उपलब्ध हुनेछ तथा यस कार्यालयको web site: manang.akc.gov.np बाट पनि प्राप्त गर्न सकिनेछ ।

*प जानकारीको लागि* कृषि ज्ञान केन्द्र, मनाङ (फोन नं. ०६६-४४०२१३,९८५६०३६४४५, ९८४५१०६१४८, ९८६४९८१७१२)

निमित्त प्रमुख

Scanned with CamScanner
CamScanner